This document is signed digitally!

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
## कम्पनी दर्ताको प्रमाण - पत्र

दर्ता नं: ३८०४८०/८२/८३

**श्री डिजिटल क्रियसन्स**

**नामको प्राइभेट लिमिटेड कम्पनी संम्वत् २०८२ साल मंसिर महिना २३ गते रोज ३ मा दर्ता भएको हुनाले कम्पनी ऐन,२०६३ को दफा ५ को उपदफा (१) बमोजिम यो प्रमाण-पत्र दिइएको छ|**

Government of Nepal
Ministry of Industry, Commerce & Supplies
# Office of the Company Registrar
## CERTIFICATE OF INCORPORATION OF COMPANY

**Registration No: 380480/82/83**

**This Certificate of Incorporation has been issued to**

**M/s Digital Creations**

**Private Limited Company having incorporated it on the 9 day of December 2025, pursuant to sub-section (1) of section 5 of the Companies Act, 2006.**

**शर्त:** कम्पनीले अनुमतिपत्र लिई कारोबार गर्नुपर्ने उद्देश्यका लागि सम्बन्धित निकायबाट ईजाजतपत्र/अनुमतिपत्र लिएर मात्र कारोबार गर्नुपर्नेछ।

**Condition:** **For objectives that need approval/license, the registered company must receive the same from the competent authority.**

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ......................... शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र संख्या :-
चलानी नम्बर :- कम्पनी प्र./३९३२६

मिति : २०८२-०८-२३

( ने.सं. ११४६ )

विषय :- स्थायी लेखा नम्बर सुरक्षित गरीएको बारे ।

डिजिटल क्रियसन्स, कम्पनी दर्ता नं. ३८०४८० :

कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी दर्ता प्रमाणपत्र प्राप्त गर्नु भएकोमा तपाईँलाई बधाई छ। आन्तरिक राजस्व विभागले कर प्रयोजनको लागि स्थाई लेखा नम्बर प्राप्त गर्न तपाईँलाई सहयोग गर्न तपाईँको कम्पनीको नाममा स्थाई लेखा नम्बर **622497978** सुरक्षित गरिदिएको छ। पान दर्ता गर्न आवस्यक थप विवरण भर्नु परेमा www.ird.gov.np मा गई ई-पान(e-PAN) अन्तर्गत User ID : **380480**, Password : **123456**, Submission No. : **820075885863** प्रयोग गरि भर्न सकिन्छ। तपाईँको कम्पनीको स्थाई लेखा नम्बरको प्रमाण पत्र प्राप्त गर्न कृपया तपाईँले यो पत्र सहित भरिएको स्थाई लेखा नम्बर फारम र आवश्यक कागजात लिएर आफ्नो व्यवसाय संचालन हुने स्थानको सम्बधिन्त आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालय जानुहोला। स्थाई लेखा नम्बर फारम र त्यो भर्ने तरिका www.ird.gov.np मा प्राप्त गर्न सकिने छ।

करसँग सम्बन्धित कुनै प्रश्न भएमा निशंकोच रुपमा आन्तरिक राजस्व विभागको Toll Free No. १६६००१४००० र अन्य नम्बरहरु ४४१५८०२ वा ४४१०३४० मा सम्पर्क गर्नु अथवा www.ird.gov.np मार्फत FAQ को सहायता लिनु हुन अनुरोध छ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय

**बोधार्थ:**
आन्तरिक राजस्व विभाग

भवदिय
सहायक रजिष्ट्रार

फोन: ५३५९९४८ (रजिष्ट्रार), ५३६३०८९, ५३६७२५६, ५३१५०७७, ५३६१८२१, ५३५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

This document is signed digitally!

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**
( ............................... शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र संख्या :- ८२/८३
चलानी नम्बर :- **कम्पनी प्र./३९३२९**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

मिति : २०८२-०८-२३

( ने.सं. ११४६ )

विषय :- <u>कम्पनी दर्ता भएको प्रमाणपत्र पठाइएको ।</u>

**श्री रोमिन न्यौपाने**
**खैरहनी नगरपालिका-६ चितवन,बागमती प्रदेश**

तपाई समेतले **मध्यपुर थिमी नगरपालिका-२ भक्तपुर,बागमती प्रदेश** मा रजिष्ट्रार्ड कार्यालय स्थापना गरी प्रबन्ध पत्रमा उल्लेख भएको काम गर्ने उद्देश्यले श्री **डिजिटल क्रियसन्स** नामको कम्पनी दर्ता गरी पाउन प्रबन्ध पत्र तथा नियमावली समेत साथमा राखी दिनु भएको निवेदनमा कारवाही हुँदा माग अनुसारको कम्पनी संस्थापन गरीदिने निर्णयानुसार कम्पनी संस्थापन भएको **नं. ३८०४८०** मिति **२०८२/०८/२३** को सक्कल प्रमाण-पत्र र प्रबन्ध-पत्र तथा नियमावली १/१ प्रति साथै राखी पठाईएको छ। त्यस कम्पनीले निम्न शर्तहरुको पालना गर्नु पर्ने व्यहोरा पनि सूचना गरिएको छ ।

**शर्तहरु:-**

१) अधिकृत पूँजी **रु. १०००००.००** कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी **रु. १०००००.००** तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी **रु. १०००००.००** कायम गरिएको छ।
२) कम्पनी कानून अनुसारको पेश गर्नु पर्ने सबै कागजातहरु तोकिएको म्याद भित्र पठाउनु पर्नेछ।
३) कम्पनी कानून तथा अन्य प्रचलित ऐन नियमको प्रतिकुल हुने गरी कुनै कार्य गर्न पाइने छैन।
४) शुद्ध नेपाली भाषामा ठूलो अक्षरमा कम्पनीको नाम लेखिएको साइनबोर्ड सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।
५) कसैलाई पिरमर्का नपर्ने गरी कम्पनीको स्थापना गर्नु पर्नेछ।
६) कम्पनीको हिसाब किताब कम्पनी कानूनमा व्यवस्था भए अनुसार राख्नु पर्नेछ।
७) कम्पनीको प्रबन्धपत्र र नियमावलीका दफा एवं नियमहरु संसोधन गर्नुपर्ने भए कम्पनी कानून बमोजिम गरी स्वत: अभिलेख हुने व्यवस्था गरेकोमा वाहेक अन्यको हकमा यस कार्यालयबाट अभिलेख गराई सकेपछि मात्र संसोधित दफा र नियमहरु लागू हुनेछन।
८) कम्पनी कानून बमोजिम कम्पनी संस्थापना भएको ३ महिना भित्र ठेगाना उल्लेख गरी कार्यालयमा पेश गरी सक्नुपर्नेछ। अन्यथा कानून बमोजिम जरीवाना लाग्नेछ। साथै सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कम्पनी दर्ता गराई स्थायि लेखा नम्बर लिनुहोला।

**विशेष शर्तहरु:**

१) प्रबन्ध-पत्रमा उल्लेखित उद्देश्य कार्यान्वयनका लागि अनुमति लिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि र उधोग दर्ता गर्नु परेमा दर्ता गरिसकेपछि मात्र कार्य गर्नु पर्नेछ। कम्पनी दर्ता भएकोलाई नै उद्देश्य कार्यान्वयन गर्ने इजाजत प्रदान भएको मानिने छैन।
२) कम्पनी कानून बमोजिम कार्य सम्पादन गरि यस कार्यालयमा पठाउनु पर्ने कागजातहरु म्याद भित्र अनिवार्य रुपमा पठाउनु पर्नेछ।
३) यो कम्पनीको नाम दर्ता गर्दा पहिलो दर्ता भएको कुनै व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा सो नाम संशोधन गर्नुपर्ने छ।
४) यो कम्पनीले उत्पादन गर्ने वस्तु वा सेवामा कुनै व्यापारिक नाम वा चिन्ह (Trade name वा Trade mark) प्रयोग गर्ने भएमा पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२ बमोजिम दर्ता गराएर मात्र गर्नु पर्ने छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय

**बोधार्थ:**
श्री उधोग विभाग, त्रिपुरेश्वर
श्री घरेलु तथा साना उधोग विभाग/कार्यालय .................
श्री आन्तरिक राजश्व विभाग/कार्यालय .....................
श्री नेपाल राष्ट्र बैक अनुसन्धान शाखा, बालुवाटार
श्री ......................................................................

फोन: ५३५९९४८ (रजिष्ट्रार), ५३६३०८९, ५३६७२५६, ५३१५०७७, ५३६१८२१, ५३५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

This document is signed digitally!

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# डिजिटल क्रियसन्स प्रा. लि. को

## प्रबन्धपत्र

१ **कम्पनीको नाम :** यस कम्पनीको नाम "**डिजिटल क्रियसन्स प्रा. लि.**" हुनेछ । अंग्रेजीमा यसलाई "**Digital Creations Pvt. Ltd.**" हुनेछ ।

२ **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय तथा कारोवार गर्ने स्थान जि. भक्तपुर, मध्यपुर थिमी न.पा.- ०२ मा रहने छ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य ठाउँमा पनि रजिष्टर्ड कार्यालय नै सार्न सकिनेछ ।

३ **परिभाषा :** नियमावलीको नियम ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

४ **कम्पनीले गर्ने व्यवसाय वा कारोबारको प्रकृति :** यस कम्पनीको कारोबारको प्रकृति सेवा, व्यापार / व्यवसाय मुलक हुनेछ ।

५ **कम्पनीको उद्देश्य :**

(१) **यस कम्पनीको उदेश्य देहाय बमोजिम रहने छ:**

क) निजि तथा औद्योगिक साथै व्यवसायिक प्रतिष्ठानहरु, एवं सरकारी तथा गैर सरकारी कार्यालयहरुलाई आवश्यक पर्ने कम्प्यूटर सफ्टवेयर, स्वदेशमा तयार तथा विकाश गरी स्वदेश तथा विदेशमा विक्री वितरण गर्ने ।

ख) अनलाईन वेवसाईट (online website) खोल्ने, अनलाईन सपिङ्गको (online shopping), ecommerce shopping व्यवस्था गर्ने, र वितरण तथा प्रर्वद्घन गर्ने । साथै सो सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।

ग) स्वदेशी तथा विदेशी कम्पनी, फर्म, ब्यक्ति तथा संघ सस्थाहरुको माग अनुसार विभिन्न कम्प्यूटर प्रणाली अन्तगत विभिन्न प्रकारका व्यवसायिक क्रियाकलाप संग सम्बन्धित सफ्टवेयर प्रोग्रामहरु तथा वेवसाइड डिजाइनिङ्ग, मोबाइल एप्लिकेशन, एनिमेशन, ग्राफिक डिजाइन, मल्टी मिडिया तयार, विकाश गरी दिने एवम् निर्यात गर्ने, विभिन्न सफ्टवेयर प्रोग्रामहरु आयात गर्ने विक्री वितरण गर्ने, गराउने ।

घ) विज्ञापन एजेन्सी रुपमा काम गर्ने । विविध विषयमा विज्ञापन गर्न चाहनेहरुबाट विज्ञापन संकलन गरी पत्र-पत्रिका, रेडियो, टि.भी., इन्टरनेटबाट विज्ञापन गर्ने, गराउने र विज्ञापन, social media marketing सम्बन्धि परामर्श प्रदान गर्ने।

ङ) सफ्टवयर बनाउने, राष्ट्रिय अन्तराष्ट्रिय रुपमा विक्रि गर्ने, विक्रि गर्नका लागि सम्झौता गर्ने, बजार विस्तारका लागि प्रचारप्रसार तथा विभिन्न माध्यमबाट विज्ञापन गर्न सक्ने ।

च) डिजिटल प्रविधियुक्त अडियो तथा भिडियो सामाग्रीहरु भाडामा लिने तथा दिने कार्य गर्ने ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

छ) मिडिया नेटवकिङ्ग, वेव डिजाइन, ग्राफिक्स डिजाइनिङ्ग, नेटवर्क सेक्युरिटी तथा अन्य नेटवर्किङ्ग सम्बन्धित काम गर्ने ।

ज) विभिन्न बैंक तथा वितिय संस्था वा अन्य कम्पनी, फर्म आदिलाई आफ्नो व्यवसायको Data Processing, Data Visualization, Data Security आदि कार्य गर्ने वा अन्य यस प्रकारका सेवाहरु प्रदान गर्ने गराउने ।

झ) बजार अनुसन्धान, जनमत सर्वेक्षण गर्ने, गराउने, डाटा बैंकको स्थापना गर्ने, तथ्यांक केलाउने, भण्डारण गर्ने र आवश्यकता अनुसार उपलब्ध गराउने, व्यवसाय र बजार सम्बन्धि परामर्श सेवा प्रदान गर्ने क्रियाकलापहरु गर्ने ।

ञ) कम्पनीको आवश्यकता अनुसार ख्याती प्राप्त स्वदेशी, विदेशी संघ संस्था, निकाय, उद्योग, कम्पनी, व्यक्तिहरुको रिप्रीजेन्टेटिभ, सवरिप्रजेन्टेटिभ एजेन्ट भई कार्य गर्ने गराउने । निजहरु संग विभिन्न सम्झौता गर्ने फ्रेन्चाइज गर्ने तथा विभिन्न प्रकारबाट सम्बन्ध कायम गरी उद्देश्य अनुसारका विभिन्न कार्य गर्ने, निजहरुको प्रतिनिधित्व गर्ने ।

ट) कुनै पनि सरकारी तथा गैर सरकारी संघ संस्था कम्पनी फर्मले बोलपत्र टेण्डर आह्वान गरेमा बोलपत्र टेण्डर द्वारा वा सोझै सम्पर्क गरी उपर्युक्त उदेशसंग सम्बन्धित माग बमोजिम कार्य गर्ने गराउने ।

ठ) समान उद्देश्य भएका कम्पनीहरुको व्यवस्थापन संचालनको जिम्मा लिई व्यवस्थापन तथा संचालन गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रका प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

६ **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु** : यस कम्पनीले दफा ५ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :

क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने, कम्पनीलाई आवश्यक नपर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरणहरु विक्री गर्न सक्ने ।

ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक तथा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने,

ङ) कम्पनीको नामबाट समान उदेश्य भएको कम्पनीको शेयर तथा डिवेन्चर खरिद गर्ने वा त्यसलाई बिक्री गर्ने ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

च) **अन्य आवश्यक कुराहरु :**

१) कम्पनी सञ्चालनको लागि आवश्यक पर्ने भवन, कार्यशाला, अफिस घर, गोदाम, जमीन, फर्निचरहरु तथा अन्य चल अचल सम्पत्ति आदि जायजेथा खरिद गर्ने, लिज वा भोग बन्धकीमा लिने वा अन्य तरिकाबाट प्राप्त गर्ने वा बनाउने, निर्माण, सुसज्जित, विस्तार, आधुनिकीकरण, मर्मत–संभार, नियन्त्रण, सञ्चालन गर्ने तथा सो को व्यवस्था गर्न सक्नेछ ।

२) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी, भवनलगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकतानुसार विमा गराउनेछ ।

३) प्रचलित कानूनको अधिनमा रही कम्पनीलाई प्रत्यक्ष किसिमले लाभप्रद प्राविधिक ज्ञान तथा सिपहरु उपलब्ध गराउने, सोको लागि व्यक्ति वा कम्पनीसंग सम्झौता गर्ने ।

४) कम्पनीकालागि आवश्यक पर्ने प्रशिक्षक, कानून व्यवसायी, सुपरीवेक्षक, इन्जिनियर, विशेषज्ञ, कामदारहरुको नियुक्ति गर्ने, तिनीहरुको सेवा शर्त तथा तलब भत्ता तोक्ने, आवश्यक भएमा सोको लागि ब्यवस्थित गर्न विनियम बनाई लागु गर्न सक्ने छ ।

५) कम्पनीलाई आवश्यक परेको अवस्थामा कम्पनीको नामबाट एल.सि. खोल्ने ।

६) कम्पनीको व्यपारीक हित संरक्षणको लागि डिजाइन र ट्रेडमार्क दर्ता गराउने, उपयोग गर्ने ।

७) कम्पनीको तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकारको संरक्षण गर्ने, सहुलियत सुविधालाई सुरक्षित राख्ने ।

८) कम्पनीले आफ्नो व्यापार प्रवर्धन तथा विस्तारको लागि विभिन्न प्रकारका सञ्चारका साधन तथा पत्र पत्रिका लगायतका मेडियाबाट प्रचार प्रसार गर्ने, गराउने ।

९) कम्पनीको लागी आवश्यक नपर्ने चल अचल सम्पती जग्गा जमिन विक्री गर्ने ।

१०) यस कम्पनीले अन्य कम्पनीलाइ सुरक्षणमा राखी वा नराखी जमानि, दिन बा अन्य कम्पनीबाट जमानी लिई कार्य गर्न सक्ने छ ।

११) कम्पनीको उद्देश्य पुरा गर्न आवश्यक पर्ने मेशिन, औजार, उपकरण, कच्चा पदार्थ, सहायक कच्चा पदार्थ लगायतका सामान उपकरणहरु विदेशबाट आयात गर्ने तथा स्थानीय बजारमा खरिद गर्ने तथा भाडा लिई प्रयोग गर्ने ।

७ **कम्पनीको पूँजीको संरचना : कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :**

क) कम्पनीको अधिकृत पूँजी रु.१,००,०००।– (अक्षरुपी एक लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।– दरका १,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) कम्पनीको तत्काल जारी गर्ने पूँजी रु. १,००,०००।– (अक्षरुपी एक लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।– दरका १,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १,००,०००।– (अक्षरुपी एक लाख मात्र) हुनेछ ।

८ **शेयर वापतको रकमको भुक्तानी :**

१) शेयर वापतको रकम कम्पनीले आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

२) शेयर वापत कम्पनीले माग गरेको रकम निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

९ **दायित्व सीमित हुने :** यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ । तर शेयरधनीले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन ।

१० **अन्य आवश्यक कुराहरु :**

१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नेछ ।

२) संस्थापकले नगद बाहेक अरु कुनै किसिमबाट शेयर खरिद गर्न सक्नेछ ।

३) कम्पनीले कारोबार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै ब्यक्तिबाट तत्काल कुनै सम्पत्ति प्राप्त गर्ने सम्बन्धमा कुनै व्यवस्था गरिएको छैन ।

४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने व्यवस्था हाललाई गरिएको छैन ।

५) कम्पनीको शेयर विक्री वा हस्तान्तरण ऐन तथा प्रचलित कानूनको अधिनमा रही गरिनेछ ।

११ **कम्पनीको प्रकृति अनुरुप कुनै थप व्यवस्था :** हाल यस सम्बन्धमा कुनै व्यवस्था गरिएको छैन ।

१२ **यस कम्पनीको छुट्टै नियमावली पेश गरिएको छ ।**

१३ **प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :** यस प्रवन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा शेयरधनीले निर्णय गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिनेछ ।

१४ **प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने :** यस प्रवन्धपत्रमा लेखिएका कुराहरु ऐन वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: वदर हुनेछन ।

१५ **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण :** म " **डिजिटल क्रियसन्स प्रा. लि.**" को संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेको छु । यो प्रवन्धपत्रमा उल्लेखित मेरो नाम, ठेगाना, हस्ताक्षर, मैले लिन कबुल गरेको शेयर र साक्षीसम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न म तयार छु । यो प्रवन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टाठहरे कानूनबमोजिम सहनबुझाउन मञ्जुर छु भनी सहिछाप गरेकोछु ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता नं. र प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको ना.प्र. नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नाम: श्री रोमिन न्यौपाने<br>ठेगाना: जि. चितवन, खैरहनी -०७<br>दा. वा. | श्री राम कृष्ण न्यौपाने | २८-०१-०७०-०१०९७<br>ललितपुर | १०००<br>थान | द.<br>नाम: अन्जना भट्ट<br>ठेगाना: जि. भोजपुर, षडानन्द -०६<br>दा. वा. | ०९२००९-२९८<br>भोजपुर |

इति सम्वत् २०८२ साल मंसिर महिना १६ गते रोज ०३ शुभम्

**प्रबन्धपत्र मस्यौदा गर्ने :**

अधिवक्ता: विमल विश्वकर्मा

प्र.प्र.नं.: ९०५५८

दस्तखत

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

This document is signed digitally!

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# डिजिटल क्रियसन्स प्रा. लि. को

## नियमावली

१ **कम्पनीको नाम :** यस कम्पनीको नाम "**डिजिटल क्रियसन्स प्रा. लि.**" हुनेछ । अंग्रेजीमा यसलाई "**Digital Creations Pvt. Ltd.**" हुनेछ ।

२ **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय तथा कारोवार गर्ने स्थान जि. भक्तपुर, मध्यपुर थिमी न.पा.- ०२ मा रहने छ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य ठाउँमा पनि रजिष्टर्ड कार्यालय नै सार्न सकिनेछ ।

३ **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले "**डिजिटल क्रियसन्स प्रा. लि.**" सम्झनु पर्छ ।

४ **कम्पनीको उद्देश्य :** कम्पनीको उद्देश्य प्रवन्धपत्रको दफा ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद – २
## शेयरपूँजी तथा ऋण

५ **शेयरको अंकित मूल्य :** यस कम्पनीको शेयरको अंकित मूल्य रु.१००।— हुनेछ ।

६ **शेयरको विक्री वा धितोवन्धक सम्बन्धी व्यवस्था :**

(१) कम्पनीको शेयर चल सम्पत्ति सरह विक्री गर्न वा धितोबन्धक राख्न सकिनेछ ।

(२) कम्पनीको शेयरधनीले आफ्नो सम्पूर्ण शेयर अर्को व्यक्तिलाई विक्री गरेमा शेयरखरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिलखारेज गर्नको निमित्त ऐनबमोजिम कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा कम्पनीले निवेदन परेको पन्ध्र दिनभित्र आफ्नो दर्ता किताबमा निवेदकको नाममा शेयर दर्ता गर्नेछ ।

(४) उपनियम (२) बमोजिमको शेयर खरिद विक्री भएकोमा त्यसरी खरिद विक्री भएको पन्ध्र दिनभित्र कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

७ **शेयर प्रमाण पत्र :**

(१) कम्पनीको शेयरधनीलाई निजले लिएको शेयर वापत कम्पनी सचिव वा शेयरधनीले अधिकार प्रदान गरेको व्यक्तिको सही र कम्पनीले आफ्नो कारोबारमा प्रयोग गर्ने कम्पनीको छाप लागेको शेयर प्रमाण पत्र दिइनेछ ।

८ **शेयर पूँजी हेरफेर गर्ने कुरा :** शेयरधनीको निर्णयबाट ऐन बमोजिम शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

९ **ऋण उठाउने कुरा :** प्रचलित कानूनको अधीनमा रही कम्पनीले आफ्नो व्यवसाय वा कारोबार सञ्चालन गर्नको लागि ऋण उठाउन सक्नेछ ।

**परिच्छेद – ३**

**साधारण सभा तथा सञ्चालक समिति**

१० **साधारण सभा :** यस कम्पनीको साधारण सभा हुने छैन र साधारण सभाले गर्ने सबै काम शेयरधनीको लिखित निर्णयद्वारा हुनेछ ।

११ **सञ्चालक समिति :** यस कम्पनीमा सञ्चालक समिति रहने छैन र शेयरधनी आफैले सञ्चालक समितिले गर्नुपर्ने काम गर्नेछ ।

**परिच्छेद – ४**

**हिसाबकिताब, लेखा तथा लेखापरीक्षण**

१२ **कम्पनीको हिसाबकिताब, लेखा तथा लेखापरीक्षण :**

(१) यस कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकारप्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

(२) कम्पनीले राख्नु पर्ने सबै हिसाबकिताब प्रतिदिनको कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

(३) ऐन बमोजिम तोकिएको रकम भन्दा बढी रकमको वार्षिक कारोबार भएको आर्थिक वर्षमा यस कम्पनीले आफ्नो हिसाबकिताब लेखापरीक्षण गराउनेछ ।

(४) उपनियम (३) बमोजिम हिसाबकिताब लेखापरीक्षण गराउनु पर्ने भएमा कम्पनीले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र कम्पनीले निजको नाम कार्यालयमा पठाउनेछ ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले लेखापरीक्षण गरेको हिसाबकिताब र लेखाबाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाब एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ ।

**परिच्छेद – ५**

**विविध**

१३ **कम्पनी सचिव :** कम्पनी सचिवको नियुक्ति गर्नुपर्ने भएमा नियुक्ति गरी निजको पदावधि, सेवा शर्त एवं निजको काम, कर्तव्य र अधिकार शेयरधनीले तोकिदिएबमोजिम हुनेछ ।

१४ **कम्पनीको छाप :** कम्पनीको कारोबारसँग सम्बन्धित लिखतहरुमा कम्पनीको छाप प्रयोग गरिनेछ । यस्तो छाप कम्पनीको शेयरधनी वा निजले अधिकार दिएको व्यक्तिको जिम्मामा रहनेछ ।

१५ **कम्पनी गाभिने व्यवस्था :**

(१) यो कम्पनीमा अर्को कुनै कम्पनी गाभिन सक्नेछ ।

(२) यो कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्नु परेमा कार्यालयको स्वीकृति लिई गाभ्न सकिनेछ ।

१६ **कम्पनीको खारेजी :**

(१) यो कम्पनी स्वेच्छाले खारेज हुन चाहेमा कम्पनी खारेजी गर्ने सम्बन्धमा शेयरधनीले निर्णय गरी सोको सात दिनभित्र ऐन अनुसार पेश गर्नुपर्ने लिखतहरु कार्यालयमा पेश गर्नुपर्नेछ ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

(२) उपनियम (१) बमोजिम खारेजीको निर्णय गर्दा खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षक नियुक्ति गर्नुपर्नेछ । त्यसरी नियुक्त भएको लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक शेयरधनीले तोकेबमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनी खारेजी सम्बन्धी काम कारबाही गर्नेछ ।

१७ **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए सोही बमोजिम हुनेछ ।**

१८ **अन्य आवश्यक कुरा :**

(१) कम्पनीको आर्थिक बर्ष श्रावण १ गते देखि आषाढ मसान्तसम्म हुनेछ ।

(२) कम्पनी संस्थापना भईसकेपछि यसले भिन्नै कानूनी व्यक्तित्व, अविछिन्न उत्तराधिकारवाला स्वाधिन अस्तित्व भएको मानिनेछ ।

(३) विविध कारणबाट शेयरधनी कम्पनीमा उपस्थिति हुन नसकेमा वा उपस्थिति हुन नसक्ने स्थिति रहेमा कम्पनीको व्यवसाय बमोजिमको कार्य गर्नको लागि अन्य व्यक्तिलाई लिखित रुपमा अधिकार प्रत्यायोजन गर्न सक्नेछ । त्यस्तो अधिकार प्राप्त व्यक्तिले प्राप्त अधिकारको अधीनमा रही गरेको कार्य शेयरधनी स्वयम्ले गरेको सरह मानिनेछ ।

१९ **नियमावली संशोधन भएमा लागू हुने अवस्था :** यस नियमावलीमा कुनै संशोधन गर्नुपर्ने भएमा शेयरधनीले निर्णय गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

२० **नियमावली बाझिएको हदसम्म निष्कृय हुने :** यस नियमावलीमा लेखिएका कुराहरु ऐन, अन्य प्रचलित कानून वा प्रवन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर हुनेछन् ।

२१ **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण :** म " **डिजिटल क्रियसन्स प्रा. लि.**" को संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेको छु । यो नियमावलीमा उल्लेखित मेरो नाम, ठेगाना, हस्ताक्षर, मैले लिन कबुल गरेको शेयर र साक्षीसम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न म तयार छु । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टाठहरे कानूनबमोजिम सहनबुझाउन मञ्जुर छु भनी सहिछाप गरेकोछु ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय

This document is signed digitally!

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता नं. र प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको ना.प्र. नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नाम: श्री रोमिन न्यौपाने<br>ठेगाना: जि. चितवन, खैरहनी -०७<br>दा. वा. | श्री राम कृष्ण न्यौपाने | २८-०१-०७०-०१०९७<br>ललितपुर | १०००<br>थान | द.<br>नाम: अन्जना भट्ट<br>ठेगाना: जि. भोजपुर, षडानन्द -०६<br>दा. वा. | ०९२००९-२९८<br>भोजपुर |

इति सम्वत् २०८२ साल मंसिर महिना १६ गते रोज ०३ शुभम्——

**नियमावली मस्यौदा गर्ने :**
अधिवक्ता: बिमल विश्वकर्मा

प्र.प्र.नं.: ६०५२८
दस्तखत

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : गंगा तिमल्सिना
पद : सहायक रजिष्ट्रार
मिति : २०८२-०८-२३
कम्पनी रजिष्ट्रारको कार्यालय